**आकाशवाणी समाचार- नेपाली**

मितिः ०२ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले किसान सम्मान निधिको २० औं किस्ता आज वाराणसीबाट जारी गर्नुहुनेछ।

२. भारतको रक्षा आवश्यकताको स्रोत देशको राष्ट्रिय सुरक्षा आवश्यकता र रणनीतिक मूल्यांकनबाट मात्र निर्धारण हुने विदेश मन्त्रालयले जनाएको छ ।

३. सरकारले अप्रेसन सिन्दूरका क्रममा भारत र पाकिस्तानबीच सैन्य कारबाही रोक्नका लागि सीधी बातचीत भएको बताएको छ।

४. अमेरिकी अन्तरिक्ष एजेन्सी नासा र स्पेसएक्सले नवीनतम अनुसन्धान अभियानका लागि चार सदस्यीय चालक दल अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रमा पठाएका छ।

५. मकाउ ओपन ब्याडमिन्टनमा भारतका लक्ष्य सेन र तरुण मननेपालली, पुरुष सिंगल्सको सेमिफाइनलमा प्रवेश गरेका छन्।

**प्रधानमंत्री किसान किस्त**

प्रधानमन्त्री नरेन्द्र मोदीले किसान सम्मान निधिको २० औं किस्ता आज वाराणसीबाट जारी गर्नुहुनेछ। यस अवसरमा उहाँले दुई हजार दुई सौ करोड़का ५२ विकास परियोजनाहरूको उद्घाटन एव शिलान्यास गर्नुहुनेछ भने जनसभालाई पनि सम्बोधन गर्नुहुनेछ।

**कट- ओम अवस्थी**

**विदेश मंत्रालय**

'भारतको रक्षा आवश्यकताको स्रोत देशको राष्ट्रिय सुरक्षा आवश्यकता र रणनीतिक मूल्यांकनबाट मात्र निर्धारण हुने विदेश मन्त्रालयले जनाएको छ । मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले हिजो नयाँ दिल्लीमा सो जानकारी दिनुभयो। ऊर्जा स्रोतहरूको बारेमा बोल्दै प्रवक्ताले भन्नुभयो भारत बजारमा उपलब्ध वस्तुहरू र वर्तमान वैश्विक परिस्थितिअनुसार काम गर्दछ। भारत–रुस सम्बन्धका बारेमा बोल्दै जयसवालले भन्नुभयो , 'विभिन्न देशसँगको द्विपक्षीय सम्बन्ध आ–आफ्नो गुणमा आधारित छ र यसलाई कुनै पनि तेस्रो देशको चश्माबाट हेर्नुहुँदैन।

**लोकसभा-भारत-पाक मध्यस्थता**

सरकारले अप्रेसन सिन्दूरका क्रममा भारत र पाकिस्तानबीच सैन्य कारबाही रोक्नका लागि सीधी बातचीत भएको बताएको छ। विदेश राज्यमन्त्री कीर्तिवर्द्धन सिंहले लोकसभामा एक प्रश्नको जवाफ दिंदै भारत र पाकिस्तानका सेनाबीच हालको सञ्चार माध्यममार्फत विचार आदानप्रदान भएको बताउनु भयो भने पाकिस्तानले युद्धविरामका लागि अनुरोध गरेको बताउनु भयो। तेस्रो पक्षको मध्यस्थताबारे कीर्तिवर्धनले भन्नुभयो, 'भारतले अमेरिकी राष्ट्रपतिसहित सबै देशलाई स्पष्ट गरिसकेको छ कि पाकिस्तानसँग कुनै पनि विषयमा द्विपक्षीय रूपमा मात्र छलफल हुनेछ।

**लोकसभा - हिंद महासागर**

विदेश राज्यमन्त्री कीर्तिवर्द्धन सिंहले हिन्द महासागर क्षेत्रका देशहरूसँग भारतको बलियो राजनीतिक सम्बन्ध रहेको र उनीहरूसँग व्यापार र निवेश सम्बन्ध विस्तार गरिरहेको बताउनु भएको छ। उहाँले ती देशहरुसँग विकास परियोजना र पूर्वाधार सहयोग जारी रहेको र सबै क्षेत्रमा व्यापक सहयोग जारी रहेको बताउनुभयो। लोकसभामा एक लिखित जवाफमा श्री सिंहले हिन्द महासागर क्षेत्रमा देशको सुरक्षा र आर्थिक हितलाई असर पार्ने सबै घटनाक्रमलाई सरकारले नजिकबाट नियालिरहेको र भारतको हितको रक्षाका लागि उचित कदम चालिरहेको बताउनु भयो।

**गडकरी-पुरस्कार**

केन्द्रीय मन्त्री नितिन गडकरीलाई पुणेमा आयोजित एक कार्यक्रममा ४३ औं लोकमान्य तिलक राष्ट्रिय पुरस्कारबाट सम्मानित गरिएको छ। लोकमान्य तिलक मेमोरियल ट्रष्टले राष्ट्रको प्रगतिमा महत्वपूर्ण योगदान पुरयाएका व्यक्तिहरूलाई यो पुरस्कार प्रदान गर्दै आएको छ। सो अवसरमा बोल्दै श्री नितिन गडकरीले लोकमान्य तिलकको स्वराजको दृष्टिकोणलाई सुशासनको माध्यमबाट सुरजमा अनुवाद गर्ने महत्वमा जोड दिनुभयो।

**राज्यसभा-रेल**

रेलमन्त्री अश्विनी वैष्णवले ७३ वटा मुख्य भीडभाड हुने रेलवे स्टेसनमा स्टेसन अधीक्षकको तैनाती गरिने बताउनु भएको छ जसले चाडबाडको समयमा स्टेशनहरूमा भीडभाड कम गर्न तत्काल निर्णयहरू लिन सकियोस। राज्यसभामा एक लिखित जवाफमा वैष्णवले रेलवे स्टेसनबाहिर स्थायी होल्डिङ एरिया र चौडा फुट ओभर ब्रिज निर्माण गरेर भीड व्यवस्थापनमा सुधार ल्याउने बताउनु भयो। उहाँले भन्नुभयो होल्डिङ एरिया निर्माणका लागि पाँचवटा स्टेसनमा पाइलट प्रोजेक्ट सञ्चालन भइरहेको छ यस्तै प्रमुख स्टेसनहरुमा सिसी टिभी निगरानी, वाकी–टकी उद्घोषणा प्रणाली र वार रुमको व्यवस्था गरिएको छ। यसका साथमा, 'कन्फर्म टिकट भएकाहरुलाई मात्र प्लेटफर्ममा जाने दिइनेछ। टिकटविहीन र प्रतिक्षासूचीमा रहेका यात्रीहरुले रेल नआउन्जेलसम्म प्रतिक्षालयमा बस्नुपर्ने छ।

**विदेश मंत्रालय- आयरलैंड**

हालै आयरल्याण्डमा भारतीय नागरिकमाथि भएको आक्रमणपछि भारतीय दूतावासले दिशा-निर्देश जारी गरेको हो। डबलिनस्थित भारतीय दूतावासले आयरल्याण्डमा रहेका सबै भारतीय नागरिकलाई व्यक्तिगत सुरक्षाका लागि उचित सावधानी अपनाउन र एकान्त क्षेत्रमा नजान सुझाव दिएको छ। दूतावासले यस सम्बन्धमा सम्बन्धित आयरिश अधिकारीहरूसँग सम्पर्कमा रहेको जनाएको छ।

**बिहार ड्राफ्ट मतदाता सूची**

निर्वाचन आयोगले बिहारमा विशेष गहन पुनरीक्षण अभियानअन्तर्गत तयार पारिएको मतदाता सूची प्रकाशित गरेको छ। सूचीबाट हटाएका वा छुटेका मतदाताले आफ्नो नाम सूचीमा समावेश गर्नका लागि १ सेप्टेम्बरसम्म दाबी तथा आपत्ति जनाउन सक्नेछन्। यस विशेष अभियान अन्तर्गत २४ जुनदेखि २५ जुलाई सम्म 7 करोड 89 लाखभन्दा अधिक मतदाताहरूको विवरण प्रमाणीकरण गरिएको थियो। यसअन्तर्गत २०२४ को लोकसभा चुनावमा प्रयोग गरिएको मतदाता सूचीबाट ६५ लाख ६२ हजारभन्दा अधिकको नाम हटाइएको छ।

बाईट

**नासा - अंतरिक्ष मिशन**

अमेरिकी अन्तरिक्ष एजेन्सी नासा र स्पेसएक्सले नवीनतम अनुसन्धान अभियानका लागि चार सदस्यीय चालक दल अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्र (आईएसएस) मा पठाएको छ। अमेरिकी अन्तरिक्ष यात्री **ज़ेना कार्डमैन** र माइक फिन्के, जापानका **किमिया यूई** र रुसी अन्तरिक्ष यात्री ओलेग प्लाटोनोभले स्पेसएक्स क्रू ड्रयागन क्याप्सुल एन्डेभरमा सवार भई फ्लोरिडास्थित केनेडी अन्तरिक्ष केन्द्रबाट उडान भरेका थिए। यो क्याप्सुलले यसअघि पनि धेरै मिसनहरु उडाइसकेको छ र यो नासाको कमर्सियल क्रु प्रोग्रामको एक हिस्सा हो।नासाको आर्टेमिस कार्यक्रमअन्तर्गत अन्तरिक्षयात्रीहरूले आफ्नो छ महिनाको बसाईमा चन्द्रमामा अवतरण परिदृश्यको अनुकरण गर्नेछन् भने गुरुत्वाकर्षण परिवर्तनले अन्तरिक्ष यान सञ्चालनलाई कसरी प्रभाव पार्छ भनेर

अध्ययन गर्नेछन्। यसका साथमा उनीहरूले फसलहरूको वृद्धिमा सूक्ष्म गुरुत्वाकर्षणको प्रभावको पनि परीक्षण गर्नेछन् यसमा स्टेशनमा पठाइएको अर्मेनियाई अनारको बीउ समावेश छ।

**विदेशी मुद्रा भंडार**

भारतको विदेशी मुद्रा भंडार 25 जुलाईको समाप्त सप्ताहमा 2 अरब 70 करोड डॉलर देखि बदर 6 खरब 98 अरब 19 करोड डॉलर भन्दा अधिक भएको छ। भारतीय रिज़र्व बैंकको साप्ताहिक सांख्यिकीय अनुपूरक अनुसार, गत सप्ताह, विदेशी मुद्रा आस्तिहरु एक अरब 30 करोड डॉलर बढेर लगभग 5 खरब 89 अरब डॉलर भएको छ। स्वर्ण भंडार एक अरब 20 करोड डॉलर भन्दा अधिक बढेर 85 अरब 70 करोड डॉलर भन्दा अधिक भएको छ।

**सिक्किम - रणभूमि दर्शन**

सिक्किममा केन्द्र सरकारको भारत रणभूमि दर्शन योजनाअन्तर्गत चोला र डोकलाम क्षेत्र आन्तरिक पर्यटकका लागि खुला गर्ने तयारी भइरहेको छ। आधिकारिक स्रोतहरूका अनुसार डोक्लाम, चो ला र नाथुला राज्यमा युद्धभूमि पर्यटन सर्किटको लागि पहिचान गरिएका स्थानहरू मध्येका हुन्।नाथुला पहिलेदेखि नै लोकप्रिय पर्यटकीय गन्तव्य भए पनि सेना र सम्बन्धित निकायसँगको परामर्शमा अन्य स्थानको विकास भइरहेको छ। यस वर्षको सेप्टेम्बरको अन्त्यसम्ममा पर्यटक भित्र्याउने गरी तयारी पूरा भएको छ। पार्किङ, प्रतिक्षालय, क्याफेटेरियाजस्ता आधारभूत सुविधाउपलब्ध गराइँदैछ।भारत र चीनका सैनिकबीच आठ वर्षदेखि जारी गतिरोधपछि डोक्लाम पर्यटकका लागि खुला गरिने भएको छ। यो राजधानी गान्तोकबाट लगभग ७० किलोमिटरको दुरीमा लगभग १४ हजार फिटको उचाईमा अवस्थित छ।

**मकाऊ ओपन बैडमिंटन**

मकाउ ओपन ब्याडमिन्टनमा भारतका लक्ष्य सेन र तरुण मननेपालली, इन्डोनेसियाका अल्वी फरहान र मलेसियाका जस्टिन होह पुरुष सिंगल्सको सेमिफाइनलमा प्रवेश गरेका छन्। लक्ष्य सेनले अल्वी फरहानको सामना गर्नेछन् भने तरुणले जस्टिनको सामना गर्नेछन्। यस्तै महिला एकलमा डेनमार्ककी लिन क्रिस्टोफरसन, जापानकी रेइको गुन्जी, चीनकी यु फेइ चेन र चाइनिज ताइपेइकी सियाङ टी लिनले अन्तिम चारमा स्थान बनाएका छन।